# सार्वजनिक लेखा परीक्षण

## विकास प्रभावकारिता अभिवृद्धि गर्ने उपायहरू

समुदाय सहयोग कार्यक्रम (दोस्रो चरण)का प्रतिविम्बहरू

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

विकास प्रभावकारिता अभिवृद्धि गर्ने उपायहरू

s

# सार्वजनिक लेखा परीक्षण :
# विकास प्रभावकारिता अभिवृद्धि गर्ने उपायहरू

**समुदाय सहयोग कार्यक्रम (सिएस्पि दोस्रो चरण) का प्रतिविम्बहरू**

**प्रकाशन मितिः** मे २०१२

**प्रकाशकः**
नेपाल ग्रामीण पुनर्निर्माण संस्था
पो.व. नं.८१३०, गैरीधारा मार्ग, गैरीधारा, काठमाडौं नेपाल
टेलिफोन नं. : ९७७-१-४००४९७६,४००४९८५
फ्याक्स नं. : ९७७-१-४००४५०८,४४४३४९४
इमेल : rrrn@rrn.org.np
वेवसाइटः www.rrn.org.np

**सर्वाधिकारः** आरआरएन, २०१२

**मुद्रणः** स्थापित अफसेट प्रेस, काठमाडौं

## कृतज्ञता

यो दस्तावेज स्वतन्त्र परामर्शदाताहरू डा. नेत्र प्रसाद तिम्सिना र श्री रोशन शर्मा पौडेलद्वारा आरआरएन/सिएस्पिका केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरका कर्मचारी तथा स्थलगत रूपमा उपभोक्ता समूहका सदस्यहरू एवं साधारण उपभोक्ताहरूसंगको परामर्शमा तयार पारिएको हो । सार्वजनिक लेखा परीक्षणको प्रक्रियालाई लिपिबद्ध गर्न तथा स्थानीय तहका अभ्यासहरूबाट सिकाइ उपलब्धिहरू हासिल गर्ने काममा उहाँहरूबाट भएको योगदानको आरआरएन उच्च मूल्याङ्कन गर्दछ ।

# विषय सूची


प्राक्कथन क

सारांश ख

१. परिचय १

२. सार्वजनिक लेखा परीक्षण - सिद्धान्त र अभ्यासहरू ३

३. आरआरएन/सिएस्पि परियोजना अन्तर्गत सार्वजनिक
लेखा परीक्षणका कार्य क्षेत्रका अभ्यासहरू ५

३.१ सार्वजनिक लेखा परीक्षण पूर्वको चरण ६

२.१. परियोजनाको तर्जुमा र कार्यान्वयन चरणको सार्वजनिक
लेखा परीक्षण ११

क) प्रथम सार्वजनिक लेखा परीक्षण (योजना र अभिमुखीकरण) ११

ख) मध्यावधि/दोश्रो सार्वजनिक लेखा परीक्षण १५

ग) अन्तिम सार्वजनिक लेखा परीक्षण १४

४. सार्वजनिक लेखा परीक्षणका सिकाइ उपलब्धिहरू-
सम्पूर्ण समुदायमा तथा सेवा प्रदायकहरू र सरकारी निकायहरूका
विभिन्न तहहरूमा प्रवद्धर्न गर्ने २१

५. सार्वजनिक लेखा परीक्षणलाई संस्थागत गर्ने अवसरहरू २७

# प्राक्कथन

आरआरएनले ग्रामीण पुनसंरचनाका चतुष्पद विधिलाई यस संस्थाका सम्पूर्ण विकास कार्यक्रमहरूको आधारको रूपमा अवलम्बन गर्दै आएको छ । यस विधिले शिक्षा एवं सचेतना, दीर्घ जिविकोपार्जन, स्वास्थ्य र स्व-शासन गरी चारवटा प्रमुख विशेषताहरू समेटेको छ ।

स्वशासनका सन्दर्भमा सशक्तिकरण र आत्मनिर्भरताको प्रक्रियामा समेटिने विषयहरूमा समस्या, सम्भावना, अवसर एवं मजबुरीहरूको विश्लेषणद्वारा चेतना अभिवृद्धि र सक्रिय सहभागिता, तथा व्यवस्थापन, नेतृत्व एवं प्राविधिक सीप तालिमका साथै जनहित संस्थाहरूमा सांगठनिक स्वरूपमा संलग्नता र सञ्जालीकरणका माध्यमबाट क्षमता अभिवृद्धि पर्दछन् ।

सार्वजनिक लेखा परीक्षण एउटा यस्तो प्रक्रिया हो, जसले समुदाय स्तरमा परियोजनाहरूको लेखाजोखा तथा सहजिकरणको माध्यमबाट विकास हस्तक्षेपहरूको प्रभावकारिता प्रवर्द्धन गर्दछ । विकासमा सार्वजनिक लेखा परीक्षणको प्रादुर्भाव जनताको पूर्ण सहभागिताद्वारा विकासको प्रभावकारिता, सामुदायिक स्वामित्वको अभिवृद्धिका साथै पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्न भएको हो । स्थानीय जनताहरूले विकास हस्तक्षेपहरूको स्वामित्व ग्रहण नगरेको खण्डमा पारदर्शिता र जवाफदेहीता सरोकारका विषय बन्न पुग्दछन् । तसर्थ, विकास प्रक्रियामा सार्वजनिक लेखा परीक्षण गरिब र सिमान्तकृत जनता समक्ष पुग्ने र स्थानीय तहका निर्णय प्रक्रियामा उनीहरूको सशक्तिकरण गर्ने नवीन प्रक्रिया प्रमाणित भएको छ ।

यो दस्तावेज, “सार्वजनिक लेखा परीक्षणका प्रक्रिया र चरणहरू: आरआरएन/सिएस्पिका सिकाइ उपलब्धिहरू एवं प्रतिबिम्वनका साथै विकास प्रभावकारिता अभिवृद्धि गर्ने उपाय” सिमान्तकृत सामाजिक समूहहरूको सशक्तिकरण गर्नको लागि सर्वजनिक लेखा परीक्षणको आवश्यकता र महत्वलाई उजागर गर्ने एक प्रयास हो ।

हाम्रो उद्देश्य हासिल गर्नमा पुऱ्याएको सहयोगको लागि हामी संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभागप्रति आभारी छौं । हामी स्थानीय समुदाय, गैह्र सरकारी संस्था, सरकार र अन्य सरोकारवालाहरूप्रति पनि उनीहरूको अमूल्य सहयोगको लागि कृतज्ञ छौं । कार्यक्रमको सफलतापूर्वक कार्यान्वयनका लागि आरआरएनका कर्मचारीहरूबाट भएको प्रयासको म हार्दिक सराहना गर्दछु ।

अन्तमा, हामी हाम्रा स्वतन्त्र परामर्शदाता द्वय डा. नेत्र प्रसाद तिम्सिना र श्री रोशन शर्मा पौडेललाई आरआरएनका केन्द्रीय, क्षेत्रीय र जिल्ला तहमा कार्यरत कर्मचारीहरूका साथै सामाजिक परिचालक, उपभोक्ता समिति सदस्य र साधारण उपभोक्ताहरूसंग परामर्शगरी सामाजिक परिचालनको प्रक्रियालाई लिपिवद्ध गर्न एवं स्थानीय तहका अभ्यासहरूबाट प्राप्त सिकाइ उपलब्धिहरूलाई उजागर गर्न पुऱ्याउनु भएको योगदनका लागि सराहना व्यक्त गदछौं ।

यस दस्तावेजले समुदायका विपन्न र सिमान्तीकृत समूहहरूको समग्र विकासका लागि सार्वजनिक लेखा परीक्षणका सकारात्मक पक्षहरूलाई प्रकाश पार्दै सुदृढ गर्नेछ भन्ने हामीले अपेक्षा लिएका छौं ।

डा.अर्जुन कार्की
अध्यक्ष
नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

# सारांश

सार्वजनिक लेखा परीक्षण प्रक्रियाले समुदाय स्तरमा परियोजनाहरूको कार्यान्वयनको समीक्षा र सहजिकरण गरेर विकास हस्तक्षेपहरूको प्रभावकारिता प्रवर्द्धन गर्दछ। विकासमा सार्वजनिक लेखा परीक्षणको अवधारणा जनताको पूर्ण सहभागिताद्वारा विकास प्रभावकारिता अभिवृद्धि गर्नको लागि भएको हो, जसले सामुदायिक स्वामित्व बृद्धि गरी पारदर्शिता र जवाफदेहीताको प्रवर्द्धन गर्दछ। परम्परागत विकास प्रक्रियामा स्थानीय जनताद्वारा विकासको स्वामित्व ग्रहण गर्ने सवाललाई सम्वोधन गर्नुपर्ने आवश्यकता अनुभूत भएको छ। स्थानीय जनताले विकासको स्वामित्व ग्रहण नगरेको खण्डमा पारदर्शिता र जवाफदेहीता सरोकारका विषय बन्न पुग्दछन्। तसर्थ, विकास प्रक्रियामा सार्वजनिक लेखा परीक्षण गरिब र सिमान्तीकृत जनतासम्म पुग्ने र स्थानीय तहका निर्णय प्रक्रियामा उनीहरूको सशक्तिकरण गर्ने नवीन प्रक्रिया प्रमाणित भएको छ। स्थानीय विकास हस्तक्षेपहरूमा नागरिक समाज संगठनहरूद्वारा प्रयोग गरिने सार्वजनिक लेखा परीक्षण विकास प्रभावकारिता अभिवृद्धि गर्ने ज्यादै महत्वपूर्ण साधन भएको छ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले यसका विकास परियोजनाहरूमा सार्वजनिक लेखा परीक्षणलाई बिपन्नहरूमध्ये पनि अति बिपन्न र सिमान्तकृत सामाजिक समूहहरू (महिला, दलित, जनजाति र अन्य अल्पसङ्ख्यक समूहहरू) को सशक्तिकरणको एक साधनको रूपमा अवलम्बन गरेको छ। आरआरएनले सार्वजनिक लेखा परीक्षणलाई आफ्ना सम्पूर्ण विकास परियोजना लगायत संस्थागत प्रणालीमा अवलम्बन गर्दै आएको भएता पनि संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभागद्वारा सहायता प्राप्त सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत सन् २००३ देखि वृहत रूपमा प्रयोग गरेको छ।

कार्यक्षेत्रमा अभ्यास गरिने सार्वजनिक लेखा परीक्षणलाई लिपिवद्ध गर्नको लागि आरआरएनले एक अध्ययन कार्यदल गठन गरेको छ। यो परीक्षण अध्ययन सम्पन्न गर्नका लागि रोल्पा, बाँके, इलाम, मोरङ्ग र सिराहा गरि पाँच जिल्ला छनौट गरिएका थिए।

आरआरएनले सार्वजनिक लेखा परीक्षणलाई तीन चरणमा कार्यान्वयन गरेको छ : (१) योजना तथा खाका तर्जुमा चरण   (प्रथम सार्वजनिक लेखा परीक्षण (२) कार्यान्वयन चरण (मध्यावधि सार्वजनिक लेखा परीक्षण) (३) परियोजना समापन पश्चातको चरण (अन्तिम सार्वजनिक लेखा परीक्षण) । परियोजनाको प्रारम्भिक चरण (अवधारणा विकास, योजना र खाका तर्जुमा गर्ने) को सार्वजनिक लेखा परीक्षणको अभ्यास गरिब र सिमान्तकृत सामाजिक समूहहरूसम्म पुगि उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराएर विकास प्रभावकारिता अभिवृद्धि गर्ने महत्वपूर्ण नवीन पद्धति मध्येको एक हो । मध्यावधि सार्वजनिक लेखा परीक्षण पनि विकास परियोजनाहरूमा पारदर्शिता प्रवर्द्धन गर्नको लागि महत्वपूर्ण र श्रृजनशील उपायको रूपमा स्थापित भएको छ । अन्तिम सार्वजनिक लेखा परीक्षण विकास हस्तक्षेपहरू (लागत, चन्दा, मानव स्रोत परिचालन, आदि ) का साथै यसको दिगोपनाको बारेमा सबैकुरा स्पष्ट गर्ने मञ्चको रूपमा प्रयोग भएको छ । विकास परियोजनाका तीन विभिन्न चरणहरूमा सार्वजनिक लेखा परीक्षणको प्रयोग स्थानीय समुदायको स्वामित्व प्रवर्द्धन गर्न र उनीहरूको सशक्तिकरण गर्न, पारदर्शिता वृद्धि गर्न र अख्तियारवाला तथा सेवा प्रदायकहरूको जवाफदेहीता अभिवृद्धि गर्नका लागि प्रभावकारी विधि भएको छ ।

आरआरएन/सिएस्पि मा अवलम्बन गरिने सार्वजनिक लेखा परीक्षणको प्रक्रिया ज्यादै गहन छ  र यसले प्रदान गर्ने आधारशीला अन्तर्गत सार्वजनिक लेखा परीक्षणका क्रियाकलापहरू सञ्चालन गरिने भएकोले यसले स्थानीय तहमा विकास प्रभावकारिता अभिवृद्धि गर्न सक्दछ । यस प्रक्रियाले सार्वजनिक व्ययको जवाफदेहीता अभिवृद्धि गर्न एवं  भ्रष्टाचार तथा विकास कोषको दुरूपयोगका सम्भावनाहरू न्यूनिकरणका लागि अर्थपूर्ण योगदान पुऱ्याउंदछ । सार्वजनिक लेखा परीक्षण प्रक्रिया मूलधारको विकास प्रक्रियाबाट पाखा पार्ने सवालहरूलाई सम्बोधन गरी गरिब र सिमान्तकृत सामाजिक समूहहरू (विकासको मूलधारबाट हालसम्म बाहिर रहेका व्यक्तिहरू) को सशक्तिकरण गर्ने एक प्रभावकारी प्रक्रिया प्रमाणित भएको छ । सार्वजनिक लेखा परीक्षणका सिकाइ उपलब्धिहरू सामान्यत समुदायस्तरमा र सेवा प्रदायकहरूका साथै सरकारी निकायका विभिन्न तहहरूमा प्रवर्द्धन गर्न सकिन्छ ।

# १. परिचय



सार्वजनिक लेखा परीक्षण सामुदायिक परियोजना कार्यान्वयनको समीक्षा र सहजिकरणद्वारा विकास हस्तक्षेपहरूको प्रभावकारिता प्रवर्द्धन गर्ने एक प्रक्रिया हो । यस प्रक्रियाद्वारा विकास हस्तक्षेपहरूको पारदर्शिता र जवाफदेहीताको समेत अभिवृद्धि हुन्छ । परिणामस्वरूप, परियोजना कार्यान्वयन चरणमा मात्र नभएर अवधारणा विकास, योजना र अनुगमन चरणहरूमा समेत स्थानीय समुदायका जनताहरूको सकृय सहभागिता हुन सक्दछ । यसबाट विकास हस्तक्षेपहरूमा जन सहभागिता, पारदर्शिता, जवाफदेहीता र स्वामित्व सुनिश्चित हुन्छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले सार्वजनिक लेखा परीक्षणलाई स्थानीय जनताको परिचालनद्वारा सेवा प्रदायकहरूको जवाफदेहीता प्रवर्द्धन गर्नका साथै सेवा प्रदायक र समुदायका जनताको बीचमा आपसी समझदारी विकास गर्न विकास प्रभावकारिता अभिवृद्धि गर्ने एक साधनको रूपमा अवलम्बन गरेको छ । आरआरएनले सार्वजनिक लेखा परीक्षणलाई आफ्ना सम्पूर्ण विकास परियोजना लगायत संस्थागत प्रणालीमा अवलम्बन गर्दै

आएको भएता पनि संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभागद्वारा सहायता प्राप्त सामुदायिक सहयोग कार्यक्रम अन्तर्गत सन् २००३ देखि वृहत रूपमा प्रयोग गरेको छ । यस प्रतिवेदनले आरआरएन/सिएस्पिद्वारा कार्यान्वयन गरिएको सार्वजनिक लेखा परीक्षणका प्रक्रियालाई आत्मसात गर्दछ ।

शुरुमा रोल्पा, बाँके, इलाम, मोरङ्ग र सिराहा गरी परीक्षण अध्ययनको लागि पाँच जिल्लाहरू छनौट गरिएका थिए । उद्देश्यपरक रूपमा जनसङ्ख्या, जात तथा जातीय सम्प्रदायहरू एवं भौगोलिक विविधताको महत्वलाई आधार मानि यी जिल्लाहरूको छनौट भएको हो, जसको परिणामस्वरूप सार्वजनिक लेखा परीक्षणको प्रक्रियाबाट प्राप्त हुने सिकाइलाई वैधता प्रदान हुने अपेक्षा गरिएको छ ।

यो दस्तावेज तयार गर्ने प्रक्रियामा हालसालै नागरिक सचेतना केन्द्र भनि पूनः नामाकरण गरिएका जम्मा दशवटा शान्ति प्रवर्द्धन केन्द्रहरूसँग परामर्श गरिएको थियो । यसका अतिरिक्त, पाँचवटा सामुदायिक भवन समिति एवं विद्यालय भवन समितिहरूसँग वैठकहरू सम्पन्न गरिएका थिए । पाँचवटै जिल्ला र दुइवटै क्षेत्र (मध्य पश्चिमान्चल र पूर्वान्चल क्षेत्रीय कार्यालयहरू) का सामाजिक परिचालक लगायत आरआरएन कर्मचारीहरूसंग परामर्श गरिएको थियो । अध्ययन कार्य दलले स्थानीय विकास अधिकारी, गा.वि.स. सचिव र स्थानीय शासन तथा समुदाय विकास कार्यक्रमका सामाजिक परिचालकरुसंग अन्तरक्रिया गरी सार्वजनिक लेखा परीक्षणबारे उनीहरूको धारणा उजागर गर्ने प्रयास गरेको थियो ।

कार्यक्षेत्र अभ्यासहरूमा सार्वजनिक लेखा परीक्षणको अवधारणाको सम्बन्ध स्थापित गर्न सार्वजनिक लेखा परीक्षण निर्देशिका, कार्यक्षेत्र प्रतिवेदन, प्रगति प्रतिवेदन र अन्य सम्वन्धित दस्तावेजहरूबाट सन्दर्भहरू लिइएको छ ।

# २. सार्वजनिक लेखा परीक्षण : सिद्धान्त र अभ्यासहरू

सार्वजनिक लेखा परीक्षण विकास परियोजनाहरू सम्पन्न भएपश्चातका परिणामहरूको विश्लेषण र रिपोर्टिङ्गमा महत्व वृद्धि गर्ने कार्यमा मात्र सीमित नभइ यसले सिकाइ आवश्यकताहरूको पहिचान गर्नुका साथै विकास प्रभावकारिता अभिवृद्धि गर्नको लागि असल अभ्यासहरूको प्रचारप्रसार गर्नमा अतिरिक्त बल प्रदान गर्दछ । सार्वजनिक लेखा परीक्षणले अवलम्बन गरेका केही सिद्धान्तहरू निम्नानुसार छन् ।

## २.१. स्वतन्त्रता

सार्वजनिक लेखा परीक्षण सम्बन्धित संस्थाबाट स्वतन्त्र हुनु पर्दछ, जसले गर्दा लेखा परीक्षकहरू लेखा परीक्षण गरिने संस्थाहरूबाट गलत ढंगले प्रभावित नहोऊन् । परिणामस्वरूप, उनीहरूले स्वतन्त्र तवरले आफनो भूमिका निर्वाह गर्न सकून । सार्वजनिक लेखा परीक्षकहरूको नियुक्ति विधिले उनीहरूद्वारा लेखा परीक्षण गरिने निकायबाट स्वतन्त्र रूपले कार्य गर्न सक्ने र विना भय र पूर्वाग्रह आफनो प्रतिवेदन दिन सक्ने कुरा सुनिश्चित गर्नु पर्दछ । लेखा परीक्षकहरूलाई लेखा परीक्षण गर्नकोलागि आवश्यक सूचनाको उपयुक्त पहुंच सुनिश्चित गरिनु पर्दछ ।

## २.२. वृहत क्षेत्रः

सार्वजनिक लेखा परीक्षणको क्षेत्र केवल उपभोक्ता समूह वा सार्वजनिक निकायहरूद्वारा तयार पारिएका आर्थिक प्रतिवेदनहरूबारे अभिमत व्यक्त गर्नमा मात्र सीमित नभइ यसले कामका लागि उपयुक्त सवालहरू, असल शासन र पारदर्शिताजस्ता विषयमा पनि सरोकार राख्नु पर्दछ । सामन्यतया, सार्वजनिक लेखा परीक्षणले निम्न तीनवटा मापदण्डहरू अंगिकार गर्दछ ।

(क) **विधिको पालना**

सार्वजनिक लेखा परीक्षणले आवश्यकताअनुरूप कानुन वा निश्चित सिद्धान्तहरूका आधारमा आर्थिक करोवारहरू भएको कुरा सुनिश्चित गर्नु पर्दछ । यस्ता सिद्धान्तहरू देशको कानुन सम्मत हुनेगरी राष्ट्रिय स्तरदेखि सामुदायिक स्तरसम्म तय गरिएका हुन्छन् ।

(ख) **जवाफदेहीता**

सार्वजनिक लेखा परीक्षणले सार्वजनिक निकायहरूले जनता र अन्य सरोकारवालाहरूप्रतिको वैधानिक र नैतिक जिम्मेवारीहरू खुला र पारदर्शी तवरले पूरा गर्ने कुरा सुनिश्चित गर्न सहयोग गर्दछ ।

(ग) **लागत प्रभावकारीता**

सार्वजनिक लेखा परीक्षणले सार्वजनिक स्रोतको प्रयोगमा मितव्ययिता, दक्षता र प्रभावकारिताको परीक्षणका साथै  सेवाको गुणस्तरको मूल्याङ्कन र कार्य सम्पादनको मापन पनि गर्नु पर्दछ ।

## २.३. सूचनाको प्रचारप्रसार र प्रतिविम्बन

सार्वजनिक लेखा परीक्षणको प्रभावकारिता सुनिश्चित गर्ने उद्देश्यले सूचनाको प्रचारप्रसार र प्रतिविम्बनका लागि उपयुक्त संयन्त्रहरूको स्थापना गर्नु पर्दछ । सार्वजनिक लेखा परीक्षण गर्नुपर्ने विकास परियोजनाहरू बारे जानकारी हासिल गर्न र प्रतिविम्बन गर्नका लागि सार्वजनिक सूचनाको प्रचार प्रसार गर्न र पर्याप्त अवसरहरू प्रदान गर्न सम्वन्धित आधिकारिक व्यक्तिलाई जिम्मेवार ठहराइन्छ ।

# ३. आरआरएन/सिएस्पि अन्तर्गत सार्वजनिक लेखा परीक्षणको स्थलगत अभ्यास

संयुक्त अधिराज्य बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभागद्वारा सहयोग प्राप्त कार्यक्रम सिएस्पिको ढाँचा शुरुमा सुदूर-पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, पश्चिमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रका ३९ जिल्लाहरूमा सशस्त्र द्वन्द्वबाट सबैभन्दा बढि आघात पुगेका गरिब र बञ्चित व्यक्तिहरूका तात्कालिक विकास आवश्यकताहरू पूरा गर्ने उद्देश्यले तयार गरिएको थियो । अप्रिल २०१० देखि ४४ जिल्लामा सिएस्पिको दोश्रो चरण सञ्चालन भइरहेको छ । यस कार्यक्रमको उद्देश्य समुदायमा आधारित विकासका अवसरहरूमा गरिब र बन्चित समूहहरूको पहुँच अभिवृद्धि गर्नु हो ।

पारदर्शिता र जवाफदेहीता आरआरएनका मूख्य तत्वहरू हुन् । तसर्थ, सार्वजनिक लेखा परीक्षण आरआरएन/सिएस्पि दोस्रो चरणको एक महत्वपूर्ण कार्यविधि भएको छ, जसले परियोजना चक्र (अवधारणा देखि समापनसम्म) का सम्पूर्ण चरणहरूमा सार्वजनिक लेखा परीक्षणका संयन्त्रहरूलाई एकीकृत गर्न सामुदायिक समूहका सदस्यहरूलाई संलग्न गराएको छ। यी प्रक्रियाहरूले अधिकारवालाहरू (महिला, दलित, जनजाति र अन्य सिमान्तीकृत समूहहरू) र वहालवाला पदाधिकारीहरू (सम्बन्धित सरकारी निकाय, जि.वि.स., गा.वि.स., गै.स.स.हरू र अन्य सेवा प्रदायकहरू) को बीचमा समझदारी र विश्वास अभिवृद्धि गर्दछन् । यसका अतिरिक्त, यो प्रक्रिया विभिन्न सरोकार समूहहरूको बीचमा अन्तरक्रिया गर्न, स्रोतहरू माथिको द्वन्द्व न्यूनिकरण गर्न र निर्णय प्रक्रियामा समावेशीता अभिवृद्धि गर्नका लागि साझा मञ्च बनेको छ । सिएस्पि दोस्रो चरणमा सार्वजनिक लेखा परीक्षणका अभ्यासहरूको प्रयोगका मूख्य उद्देश्यहरू निम्न छन् :

- सार्वजनिक लेखा परीक्षणलाई एक घटनाका रूपमा भन्दा एक प्रक्रियाको रूपमा स्थापित गर्न,
- विकास परियोजनाहरूको पारदर्शिता, जवाफदेहीता र स्वामित्वमा वृद्धि गरी सुशासन कायम राख्न,
- यस खण्डमा स्थलगत रूपमा अभ्यास गरिने सार्वजनिक लेखा परीक्षणका चरण तथा प्रक्रियाहरूको अभिलेखन गरिएको छ ।

## ३.१. सार्वजनिक लेखा परीक्षण पूर्वको चरण

आरआरएनले परियोजना निर्माणका लागि योजना तर्जुमा, खाका तयार गर्न तथा कार्यान्वयनको कठोर प्रक्रियाका लागि सहजिकरण गर्दछ । सार्वजनिक लेखा परीक्षण पूर्वको चरणका रूपमा उपभोक्ता समूहहरूसित परियोजनाबारे सम्झौतामा पुग्नका लागि निम्न चरणहरू अवलम्बन गरिएको छ ।

१) परियोजना पहिचानको प्रारम्भमा विभिन्न सरोकारवालाहरूसंग परियोजना प्रक्रियाको बारेमा परामर्श बैठकहरूको आयोजना गरिन्छ । सरोकारवालाहरूसंगको बैठक मार्फत जिल्ला विकास समिति, जिल्ला स्तरीय सम्बन्धित निकाय, गाउँ विकास समिति र स्थानीय समुदायका प्रतिनिधिहरूलाई निम्न जानकारी उपलब्ध गराइन्छ ।

(क) आरआरएन/सिएस्पिका कार्यक्षेत्रहरू

(ख) आरआरएन/सिएस्पिको परियोजना छनौट र प्राथमिकता

(ग) आरआरएन/सिएस्पिको लक्षित समूह/लाभान्वित समुदाय

(घ) कार्यान्वयन कार्य विधि

२) उपभोक्ता समितिहरूले आरआरएन/सिएस्पि परियोजनाका लागि आफ्नो चाहना र आवश्यकताअनुरूप जि.वि.स./गा.वि.स. र अन्य सम्बन्धित निकायहरूको सिफारिसको साथमा आरआरएन/सिएस्पि परियोजना समक्ष आवेदन पेश गर्दछन ।

# कार्यक्रम कार्यान्वयन स्वरूप




३) आरआरएन/सिएस्पिका कर्मचारीहरूले निम्न कियाकलापहरू अवलम्बन गर्दै प्रारम्भिक लेखाजोखा/पूर्व सम्भाव्यता अध्ययन गर्दछन् :

- लाभान्वित समूहहरूको अनुरोधमा परियोजनाका कर्मचारीहरूको स्थलगत भ्रमण ।
- मुख्य व्यक्तित्वहरू (गा.वि.स. सचिव, स्थानीय नेता, विद्यालय शिक्षक र परियोजनाका लक्षित समूहहरू) बाट परियोजनाको आधारभूत सूचना सङ्कलन ।

आरआरएन/सिएस्पिले तयार गरेको मापदण्डका आधारमा परियोजना अवधारणाको संक्षिप्त पुनरावलोकन, जस्तै, लक्षित लाभान्वित समूह, बजेट र परियोजनाको स्विकृतिका लागि सिएस्पिलाई मान्य हुने अन्य प्राविधिक तथा सामाजिक पक्षहरू ।

४) आरआरएन/सिएस्पिका सामाजिक र प्राविधिक कर्मचारीले उपभोक्ता समूहको गठनका लागि सहजिकरण गर्दछन् । उपभोक्ता समितिले महिला, दलित, जनजाति, गरिब र अन्य सिमान्तकृत सामाजिक समूहहरू समेतलाई समेट्ने समावेशी नीति अवलम्बन गर्नु पर्दछ । यसको लागि उपभोक्ताहरूको एउटा वृहत भेला आयोजना गरिन्छ र निम्न प्रावधानहरूका आधारमा उपभोक्ता समुदायका सदस्यहरूमध्येबाट ५-११ सदस्यहरू रहने उपभोक्ता समितिको गठन गरिन्छ ।

- कम्तिमा ४० प्रतिशत महिला,
- उपभोक्ता समितिको प्रमुख पद अर्थात सभापति वा सचिव वा कोषाध्यक्षमध्ये कम्तिमा एकजना महिला,
- महिला, दलित, जनजाति, गरिब र सिमान्तीकृत सामाजिक समूहहरू समावेश भएको सामाजिक रूपमा समावेशी ।

५) त्यसपश्चात पूर्व सम्भाव्यता अध्ययनबाट प्राप्त तथ्याङ्क र सूचनालाई आरआरएन/सिएस्पिका मुख्य छनौट मापदण्डहरू अन्तर्गत राखिन्छ । ती मापदण्डहरू मुख्यतया निम्न छन् :

- लाभान्वितहरूको रूपमा समुदायहरूभित्रका गरिब तथा अत्यन्तै बञ्चित समूहहरूको समावेश,
- सामुदायको योगदान (परियोजना बजेटको कम्तिमा १० प्रतिशत),
- परियोजनाको समापन पछि समुदायमा असमानता र तनावको न्यूनिकरण गर्ने सम्भाव्यता,
- भ्रष्टाचार नियन्त्रण र कोषको सदुपयोग,
- कार्यक्रमबाट दिगो लाभ ।

- अन्य मापदण्डहरूका साथै विद्यमान विकास क्रियाकलापहरूबाट अतिरिक्त लाभकारी प्रभाव ।

५) त्यसपछि, आरआरएन/सिएस्पिका प्राविधिक र सामाजिक कर्मचारीले उपभोक्ताहरूबाट प्राप्त अनुरोधहरूको सूची तयार गर्दछन् र त्यसलाई परियोजना छनौट र अनुगमन समिति समक्ष छानविन र सिफारिसको लागि पेश गर्दछन् । जि.वि.स. तथा सम्बन्धित निकायहरूले उपभोक्ताहरूबाट प्राप्त गरेको अनुरोधका आधारमा पनि परियोजना छनौट प्रक्रिया लागु हुन्छ । परियोजना छनौट र अनुगमन समितिको सभापतित्व जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीले गर्दछन् । परियोजना छनौट र अनुगमन समितिका सदस्यहरू विभिन्न सम्बन्धित निकायहरूका र आरआरएन/सिएस्पि लगायत नागरिक समाज संगठनका प्रतिनिधिहरू हुन्छन् । परियोजना छनौट र अनुगमन समितिको सभापतित्व स्थानीय विकास अधिकारीले गरेपछि यो संयन्त्र परियोजनालाई दोहोरपनबाट मुक्त गर्न र परियोजनाको दिगोपनका लागि विकास संस्थाहरूलाई संयुक्त रूपमा प्रयास गर्न प्रभावकारी हुने कुरा सावित भएको छ ।

६) परियोजना छनौट र अनुगमन समितिबाट सिफारिसहरू प्राप्त भएपछि प्राविधिक र सामाजिक कर्मचारीले विस्तृत सम्भाव्यता अध्ययन गर्दछन् । यस प्रक्रिया अन्तर्गत प्रारम्भिक सर्वेक्षण पर्दछ, जसले निम्न पक्षहरू समेट्दछ :

**क) भौतिक पक्ष :** यस प्रक्रिया अर्न्तगत विद्यालय भवन, सामुदायिक भवन, स्वास्थ चौकी, सिंचाई, ग्रामीण सडक र पूलको कल्भर्टजस्ता भौतिक संरचनाहरूको पहिचान तथा विद्यमान पूर्वाधारहरूमा थप सुधारगर्नु पर्ने आवश्यकताहरूको लेखाजोखा पर्दछन् ।

**ख) प्राविधिक पक्ष :** यस अन्तर्गत यातायातको पहुंच, हावापानी, संस्कृति एवं समाजका साथै ढाँचा र अनुमानमा आधारित भौतिक पूर्वाधारहरूको लागि उपयुक्त प्रविधिको छनौट पर्दछन् ।

**ग) सामाजिक पक्ष :** यसले लक्षित समुदायहरूको बीचमा कुनै द्वन्द्व बिना सामाजिक रूपमा स्वीकार्य भौतिक संरचनाहरूलाई समेटदछ, जसलेगर्दा सामाजिक सद्भाव प्रवर्द्धन हुनेछ ।

**घ) आर्थिक पक्ष :** यस प्रक्रियाले दक्ष र अदक्ष ज्यामी तथा स्थानीय सामाग्रीहरू (बालुवा, इट्टा, काठ, गिट्टी र ढुङ्गा) का दर पत्ता लगाउने कुरा समेट्दछ ।

**प्रारम्भिक सर्वेक्षणअन्तर्गत निम्न विषयहरूका खण्डीकृत तथ्याङ्क सङ्कलन पर्दछन्**

**क) गरिबी :** यसले लक्षित समूहको लागि उनीहरूकै कृषिजन्य भूमि र पशुपालनका उत्पादनहरूवाट वर्षभरिको खाद्यान्न प्रचुरतालाई समेटदछ (जस्तै, भूमिहिन, अति गरिब, गरिब, मध्यम र प्रचुर खाद्यान्न हुने)

**ख) जातियता :** यसले विभिन्न जातीय समूहहरू (ब्राम्हण, क्षेत्री, ठकुरी र सन्यासी), सापेक्षिक रूपमा बञ्चित जनजाति, सापेक्षित रूपमा सुविधाप्राप्त जनजाति, दलित, अन्य बञ्चित जातहरू र धार्मिक अल्प सङ्ख्यकहरूको खण्डीकृत तथ्याङ्क समेट्दछ ।

**ग) लिङ्ग :** यसले लैङ्गिक आधारमा कुल लाभान्वित समूहहरूको खण्डीकृत तथ्याङ्क र उपभोक्ता समिति र उप-समितिमा हुने लैङ्गिक सन्तुलन र सम्पूर्ण प्रक्रियामा उनीहरूको भूमिकालाई समेटदछ ।

**घ) बन्चित समूहहरू :** यसले (स्रोतहरू र अन्य लाभहरूमा पहुँच नभएका) सिमान्तीकृत समूहहरूको प्रतिनिधित्व गर्दछ (जस्तै, जनजाति, महिला, दलित, आदि) ।

**ङ) खाद्य उपलब्धता:** यसले समुदाय/घर परिवारमा वर्षभरि उपलब्ध हुने खाद्यान्नलाई समेट्दछ ।

यसका अतिरिक्त, प्रारम्भिक सर्वेक्षणले लागत अनुमानको लागि आवश्यक पर्ने सामग्री र सेवाका स्थानीय दरभाउहरूलाई पनि समेट्दछ ।

प्राप्त तथ्याङ्कको आधारमा, प्रत्येक पक्षको लागि अङ्क प्रदान गरिन्छ र परियोजना क्षेत्रको सम्पूर्ण अवस्था उतार्नका लागि अन्तिम अङ्क प्राप्त गरिन्छ (अङ्क निश्चित गर्ने कुराको मापदण्ड आरआरएन/सिएस्पिद्वारा विकसित गरिएको छ) ।

त्यसपछि, परियोजनाको ढाँचा तयार पारिन्छ र लागत अनुमान गरिन्छ । जहांसम्म पूर्वाधारहरूसंग सम्बन्धित परियोजनाको सवाल छ, तिनीहरूको ढाँचा र लागत अनुमान प्रारम्भिक सर्वेक्षणका निष्कर्षहरू र स्थानीय समुदायसँगको परामर्शको आधारमा गरिन्छ ।

त्यसपछि उपभोक्ता समुदायसंग एक प्रकारको सम्झौता गरिन्छ र उनीहरूको लागत योगदानवारे विस्तृत छलफल गरिन्छ । लागत योगदानको अवधारणा उपभोक्ता समुदायमा बोझ श्रृजना गर्न नभइ स्थानीय स्रोतहरूको परिचालनद्वारा उनीहरूको स्वामित्व सुनिश्चित गर्नको लागि विकसित गरिएको हो । यसका अतिरिक्त, सम्झौता अन्तर्गत स्थानीय कोषको उपलब्धताको लागि सम्भाव्य स्रोतहरूबारे सूचनाको प्रचारप्रसार पनि पर्दछ ।

अन्तमा, जिल्ला परियोजना कार्यदलले क्षेत्रीय कार्यालयसमक्ष विस्तृत प्रस्ताव पेश गर्दछ र क्षेत्रीय कार्यालयले त्यस्तो परियोजनालाई प्रधान कार्यालय समक्ष सिफारिस गर्दछ । प्रधान कार्यालयका सम्बन्धित विशेषज्ञहरूले प्रस्तावको समीक्षा गर्दछन् र त्यसलाई अन्तिम स्वीकृतिको लागि परियोजना निर्देशक समक्ष सिफारिस गरिन्छ ।

परियोजनाको स्वीकृतिपश्चात यसले सार्वजनिक लेखा परीक्षणद्वारा सार्वजनिक छानविनमा प्रवेश पाउंदछ । परियोजनाको आकार, क्षेत्रफल, अवधि र यसले समेट्ने भौगोलिक क्षेत्रका आधारमा सार्वजनिक लेखा परीक्षण सामान्यतया तीन चरणमा सम्पन्न गरिन्छ : परियोजनाको प्रारम्भिक, मध्यावधि र समापन चरणहरू भने समुदायका सदस्यहरूसंग श्रम, पैसा र सामग्रीहरूको परिचालनबारे समीक्षाका साथै आ-आफ्ना विचार,

पुनरावलोकन, सुझाव र छलफल गरिन्छ । सार्वजनिक लेखा परीक्षणको लागि व्यवहारिक विधिका चरणहरू चि नं. १ मा व्याख्या गरिएको छ ।

**चित्र नं. १ सार्वजनिक लेखा परीक्षणका चरणहरू**



## ३.२. परियोजना तर्जुमा र कार्यान्वयन चरणमा सार्वजनिक लेखा परीक्षण

### १. प्रथम सार्वजनिक लेखा परीक्षण (योजना तर्जुमा र अभिमुखीकरण)

परीक्षण परियोजना स्वीकृतिपश्चात सम्पूर्ण उपभोक्ता र सरोकारवालाहरूलाई परियोजना स्थलमा आमन्त्रण गरी प्रथम सार्वजनिक लेखा परीक्षण सञ्चालन गरिन्छ ।

**प्रथम सार्वजनिक लेखा परीक्षणका उद्देश्यहरूः**

- लाभार्थी तथा सरोकारवालाहरूलाई आरआरएन/सिएस्पि दोस्रो चरणको परियोजना छनौट र प्राथमिकिकरण प्रक्रिया एवं बजेट र यसका स्रोतहरू लगायत परियोजनाबारे विस्तृत जानकारी उपलब्ध गराउने,
- आरआरएन/सिएस्पि दोस्रो चरणका कार्य प्रक्रियाहरूबारे स्पष्ट जानकारी उपलब्ध गराउने,
- परियोजनाको अनुमानित लागतबारे जानकारी उपलब्ध गराउने र आरआरएन/सिएस्पि र उपभोक्ता समितिको बीचमा र अन्य कुनै भए सम्झौतामा हस्ताक्षर गर्ने,
- परियोजना कार्यान्वयनको लागि कार्ययोजना तयार पार्ने ।

**प्रक्रियाः**

**क. उपभोक्ता समुदायलाई अभिमुखीकरण**

पहिलो चरणमा, आरआरएन र उपभोक्ता समितिले संयुक्त रूपमा परियोजना स्थलमा साधारण उपभोक्ताहरू तथा सरोकारवालाहरूलाई परियोजनाको छनौटदेखि स्वीकृतिसम्म प्रायोग भएका प्रक्रियाहरूबारे जानकारी गराउँदछन् । यो जानकारी परियोजनाका कर्मचारी, उपभोक्ता समितिका सदस्यहरू र यदि भएमा, जि.वि.स, गा.वि.स. आदि, जस्ता परियोजनाका साझेदारहरूद्वार प्रदान गरिन्छ ।

## ख. मूल समिति र उप-समितिहरू :

पहिलो सार्वजनिक लेखा परीक्षणमा परियोजना छनौटको प्रारम्भिक चरणमा गठन गरिएको तदर्थ समितिको समावेशिता र स्वीकार्यता प्रमाणित गर्नको लागि त्यसको समीक्षा गरिन्छ ।

यदि समिति समावेशी नभएमा र साधारण उपभोक्ताहरूका लागि स्वीकार्य नभएको अवस्थामा समावेशीता सुनिश्चित गर्नको लागि उक्त समितिमा हेरफेर गरिन्छ । स्पष्ट भूमिका तथा जिम्मेवारीका साथ उप-समितिहरू पनि गठन गरिन्छन् । प्रत्येक उप-समितिमा मूल समितिबाट कम्तिमा एकजना सदस्यको प्रतिनिधित्व हुन्छ । उप-समितिमा उपभोक्ता समूहबाट अन्य दुई जना सदस्य छानिन्छन् जसमा एकजना महिला सदस्यको अनिवार्य प्रावधान सहित कम्तिमा तीन जना सदस्य रहन्छन् । तथापि, मुल समितिका अध्यक्ष, उपाध्यक्ष र सचिव उप-समितिहरूको सदस्य बन्न पाउँदैनन् । उनीहरू समग्र अनुगमन र नियन्त्रणका लागि स्वतन्त्र रहन्छन् ।

**चित्र नं. २ : पहिलो सार्वजनिक लेखा परीक्षणका चरणहरू : प्रवाह चित्र**



### *ख.१. मानव स्रोत परिचालन उप-समिति*

यो उप-समिति दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमदानका लागि जनपरिचालन लगायतका स्वयंसेवी तथा पारिश्रमिक सहितको काममा परिचालन गर्न र सोही अनुसारको अभिलेख राख्न जिम्मेवार हुन्छ ।

### *ख.२. आपूर्ति उप-समिति*

यो उप-समिति विशेषत परियोजनाको लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू खरिद गर्न र आपूर्ति (स्थानीय र वाह्य) र प्रयोग भएका र भण्डारण गरिएका सामग्रीहरू र त्यसको खर्चबारे दैनिक रेकर्डहरू ब्यवस्थित गर्नको निम्ति जिम्मेवार हुन्छ । खरिद गर्ने र अभिलेख राख्नुका अतिरिक्त यस समितिले सामग्रीहरूको नियमित आपूर्ति र तिनीहरूको उपयुक्त भण्डारण, संरक्षण र प्रयोगलाई पनि सुनिश्चित गर्दछ ।

### *ख.३. लेखा उप-समिति*

लेखा उप-समितिले मानव स्रोत परिचालन उप-समिति र आपूर्ति उप-समितिसंगको समन्वयमा प्रयोग भएका सामग्रीहरू, एवं दक्ष, अर्ध-दक्ष र अदक्ष श्रमिकहरूको अभिलेख लगायत सञ्चालनमा रहेका परियोजनाको आय-व्ययको अभिलेख पनि राख्दछ ।

### *ख.४.अनुगमन उप-समिति*

यस उप-समितिले कामको प्रगतिको अनुगमन गर्दछ र उपभोक्ता/निर्माण समिति र अन्य परियोजना साझेदारहरू नभएमा उनीहरूलाई पृष्ठपोषण र सल्लाह प्रदान गर्दछ । उनीहरूले स्रोतसाधन तथा श्रमिकहरूको प्रभावकारी परिचालन भए नभएको अनुगमन गर्नु पर्दछ ।

### *ख. ५. सार्वजनिक लेखा परीक्षण उप-समिति*

सार्वजनिक लेखा परीक्षणका लागि बिचाराधीनमा रहेको परियोजनाको लागि




यो एउटा महत्वपूर्ण समिति हो जसले पैसा, श्रम र सामाग्रीहरू लगायतका स्रोतहरूको अनुगमन गर्दछ । यसले रकमको भुक्तानी देखि आर्थिक र मानव स्रोतहरूको परिचालनसम्म र साधारण उपभोक्ताहरू तथा प्रमुख सरोकारवालाहरूबीच तिनीहरूको पारदर्शिता लगायतका समष्ठिगत कियाकलापहरूको दस्तावेज तयार पार्दछ । यसले एउटा संगृहीत प्रतिवेदन तयार पार्नको लागि उप-समितिहरू र मूल समितिबाट सम्पूर्ण सूचनाहरू सङ्कलन गर्दछ ।

## ग. सम्झौता/ढाँचा, अनुमान र लागत साझेदारी

उपभोक्ता समिति र आरआरएन कर्मचारीहरूले लागत साझेदार, लागत अनुमान र आवश्यकपर्ने स्थानीय योगदानबारे सम्पूर्ण जानकारी उपलब्ध गराउने छन् । यो सहमति सम्पूर्ण उपभोक्ताहरूको रोहबरमा परियोजना स्थलमा गरिन्छ । यस चरण अन्तर्गतका मूख्य प्रकियाहरू निम्न छन् :

### *ग.१. सम्झौता पत्रबारे छलफल*

आरआरएन/सिएस्पि कर्मचारी र उपभोक्ता समितिबीचको बार्ताका बखत तयार पारिएको सम्झौतालाई छलफलमा ल्याइन्छ, जसबाट उपभोक्ता समितिलाई पूनः एक पटक प्रस्तावित परियोजनामा उनीहरूको जिम्मेवारी र योगदानबारे स्पष्ट पारिन्छ ।

### *ग.२. परियोजना ढाँचा बारे संक्षिप्त जानकारी*

आरआरएन/सिएस्पि कार्यदलले उपभोक्ता समितिसंगको परामर्शमा तयार पारेका परियोजना ढाँचा र लागत अनुमानबारे सबै उपभोक्ताहरू सामु संक्षिप्त रूपमा प्रस्तुत गर्दछ ।

### *ग.३. लागत साझेदारी*

जारी परियोजनामा समुदायको लागत योगदानबारे सवै उपभोक्ताहरूलाई जानकारी गराइन्छ । उनीहरूलाई स्थानीय योगदान अन्तर्गतको अनुमानित लागतका साथै उनीहरूबाट अपेक्षा गरिएको आर्थिक योगदान एवं श्रमदानबारे जानकारी पनि उपलब्ध गराइन्छ । इच्छुक र संभाव्य साझेदारहरूको पहिचानको लागि पनि छलफल चलाइन्छ ।

## घ. कार्ययोजनालाई अन्तिम रूप दिने काम

पहिलो सार्वजनिक लेखा परीक्षणमा समयको स्पष्ट खाका र जिम्मेवारीका साथ कार्ययोजना तयार पारि अन्तिम रूप दिइन्छ । त्यसपछि, सार्वजनिक रूपमा समुदायको पहुंचमा राखिएको सूचनापाटी मार्फत परियोजनाको सम्पूर्ण जानकारी सार्वजनिक गरिन्छ ।

## ङ. कार्यान्वयन पूर्वको/निर्माण तालिमबारे जानकारी

उपभोक्ता समिति र उप-समितिहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मुख्य समिति र उप-समितिलाई प्रथम सार्वजनिक लेखा परीक्षण पश्चात् र परियोजना कार्यान्वयन भन्दा पहिले कार्यान्वयन पूर्व/निर्माण व्यवस्थापन तालिमहरू प्रदान गरिन्छ । प्रथम सार्वजनिक लेखा परीक्षणमा कार्यान्वयन

पूर्व/निर्माण व्यवस्थापन तालिमवारे जानकारी उपलव्ध गराइन्छ। कार्यान्वयन पूर्वको/निर्माण ब्यवस्थापन तालिमहरूबारे पहिलो सार्वजनिक लेखा परिक्षणमा छलफल गरिन्छ । कार्यान्वयन पूर्व दिइने तालिमहरूले निम्न क्षेत्रहरू समेट्दछन्:

- सार्वजनिक लेखा परीक्षण
- अधिकारमा आधारित विधि
- लैङ्गिक समता
- सामाजिक समावेशीता
- निमार्ण पूर्वको व्यवस्थापन
- निर्माण पश्चातको व्यवस्थापन
- आधारभूत रेखदेख तथा मर्मत संभार (जलस्रोतसंग सम्वन्धित परियोजनाहरूको लागि)

### च. अन्तरक्रिया र अभिलेखिकरण

उपभोक्ता समिति, सरोकारवालाहरू र समुदायका सदस्यहरूको अन्तरक्रिया र छलफलका साथ सार्वजनिक लेखा परीक्षणको पहिलो चरण सम्पन्न हुन्छ, जसमा सहभागीहरूलाई प्रश्नोत्तर का लागि अवसर प्रदान गरिन्छ । सहभागीहरूले परियोजनाको बारेमा उपभोक्ता समितिका सदस्यहरू र आरआरएनका कर्मचारीहरूसंग स्पष्टिकरण सोध्न सक्दछन्।

कुनै सुझाव, बिचार र पृष्ठपोषणहरू (सवल/दुर्वल पक्षहरू) भएमा तिनीहरूलाई आरआरएन कार्यदल र उपभोक्ता समिति समक्ष प्रस्तुत गरिन्छ र उनीहरूले पृष्ठपोषणलाई कार्यान्वयन प्रक्रियामा समावेश गर्दछन्। अन्तमा, बैठकका निर्णयहरू लेखिन्छन् र पहिलो सार्वजनिक लेखा परीक्षणको प्रक्रियामा सम्पूर्ण सहभागीहरूको प्रतिवद्धताको पुष्टिको रूपमा उनीहरूद्वारा हस्ताक्षर गरिन्छ।

## २. मध्यावधि/ दोश्रो सार्वजनिक लेखा परीक्षण

प्राय ५० प्रतिशत काम सम्पन्न भएपश्चात परियोजना कार्यान्वयन चरणको बीचमा उपभोक्ता एवं सम्वन्धित सरोकारवालाहरूलाई दोश्रो चरणको सार्वजनिक लेखा परीक्षण (मध्यावधि सार्वजनिक लेखा परीक्षण) का लागि आमन्त्रण गरिन्छ । यो सबैभन्दा अन्तर्क्रियात्मक सार्वजनिक लेखा परीक्षण हो । यस प्रकियामा उपभोक्ता समितिको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ ।

**चित्र नं. ३: मध्यावधि सार्वजनिक लेखा परीक्षणका चरणहरू: प्रवाह चित्र**




### मध्यावधि सार्वजनिक लेखा परीक्षणका उद्देश्यहरू

- कार्यान्वयनमा रहेको परियोजनाको प्रगतिको बारेमा सूचना प्रचारप्रसार गर्ने,
- परियोजनाको अद्यावधिक खर्चहरूको बारेमा जानकारी प्रदान गर्ने,
- यस अवधिमा कुनै समस्याहरू भएमा ती समस्याहरूको बारेमा अन्तरक्रिया गर्ने र तिनीहरूका समाधान पत्ता लगाउने र थप सुधारका लागि पृष्ठपोषण प्राप्त गर्ने ।

**प्रक्रियाः**

## पहिलो सार्वजनिक लेखा परीक्षणको संक्षिप्त पुनरावलोकन

यसमा पहिलो सार्वजनिक लेखा परीक्षणको बारेमा संक्षिप्त पुनरावलोकन गरिन्छ, जसमा पहिलो सार्वजनिक लेखा परीक्षणमा दिइएका जानकारीको बारेमा छलफल गरिन्छ र उपभोक्ताहरू तथा उपभोक्ता समितिलाई त्यसको बारेमा स्पष्ट पारिन्छ ।

## परियोजनाको प्रगति र कामको गुणस्तरको समीक्षा

यसमा निर्माण सामग्रीहरूको गुणस्तरको समीक्षा र कामको गुणस्तरबारे सम्पन्न भएको अनुगमनबारे छलफल गरिन्छ। परियोजनाको वर्तमान अवस्था, प्रगति र परिसीमाबारे सर्वसाधारणलाई जानकारी गराइन्छ । समयसीमाका आधारमा परियोजनाको अवस्थाको समीक्षा गरिन्छ। परियोजना परिमार्जन गर्नु परेको अवस्थामा समुदायको सहमतिलाई ध्यानमा राखिन्छ। आवश्यक परेमा परियोजनाको पुनरावलोकन पनि गर्न सकिन्छ । परियोजना सम्पन्न गर्नका लागि आवश्यक परेमा एक संशोधित कार्ययोजना तयार गरिन्छ ।

## परियोजनाका खर्चहरू तथा अग्रिम भुक्तानीरू सार्वजनिक गर्ने

यस प्रक्रियामा परियोजनाका खर्चहरू र बक्यौता अग्रिम भुक्तानीहरूको सार्वजनिक गरिन्छ । यस चरणका मूख्य क्रियाकलापहरूमा, खर्च तथा खपत भएका निर्माण सामग्रीहरूको प्रमाणिकरण गर्ने र त्यसको विवरण सार्वजनिक गर्ने कुरा पर्दछन ।

## अन्तरक्रिया तथा सार्वजनिक पृष्ठपोषण

सार्वजनिक लेखा परीक्षणमा सहभागीहरूलाई उपभोक्ता समिति, उपसमिति र आरआरएनका कर्मचारीहरूसंग प्रश्न सोध्ने अवसर प्रदान गर्न खुल्ला अन्तरक्रियाको आयोजना गरिन्छ र यसमा सहभागीहरूले पनि आफ्ना पृष्ठपोषण प्रदान गर्दछन् ।

## ३. अन्तिम सार्वजनिक लेखा परीक्षण

यो परियोजनाको समापन पछि गरिने सार्वजनिक लेखा परीक्षणको अन्तिम चरण हो ।

### अन्तिम सार्वजनिक लेखा परीक्षणका उद्देश्यहरू

- परियोजनाको अन्तिम प्रगति प्रतिवेदन प्रस्तुत गर्न,
- परियोजना खर्चहरूको वास्तविक आंकडा प्रस्तुत गर्न,
- परियोजनाको मर्मत-संभारबारे छलफल गर्न,
- परियोजनाको दिगोपनाबारे छलफल गर्न ।
- परियोजना कार्यान्वयनको प्रक्रियामा हासिल भएका सिकाइ उपलब्धिहरूबारे छलफल गर्न ।

**प्रक्रियाः**

### प्रथम र मध्यावधि सार्वजनिक लेखा परीक्षणको पुनरावलोकन

प्रथम र मध्यावधि सार्वजनिक लेखा परीक्षणमा छलफल गरिएका परियोजनाको समग्र अवस्थाबारे फेरि एकपटक पुनरावलोकन गरिन्छ ।

### परियोजनाको प्रगति र समापनबारे सूचनाको प्रचारप्रसार

परियोजनाको अवस्था, समापन र कार्यान्वयन प्रक्रियामा गरिएका क्रियाकलापहरूसम्बन्धी सम्पूर्ण सूचनाको उपभोक्ताहरूसंग विस्तृत रूपमा छलफल गरिन्छ ।

### समुदायको अनुमोदनका लागि सम्पूर्ण खर्चहरू र पेश्की रकम सार्वजनिक गर्ने

खर्च तथा नगद भुक्तानी एवं वित्तीय कारोवारहरूबारे जानकारी स्पष्ट रूपम सार्वजनिक गरिन्छ । आर्थिक कारोवारका माध्यम तथा कोष र यो प्राप्त गर्ने स्रोतहरूबारे उपभोक्ता समुदायसित पुनरावलोकन गरिन्छ । खपत भएका सामग्रीहरू र परिचालन गरिएका मानव स्रोतहरूको अभिलेख पनि समीक्षा गरेर सार्वजनिक गरिन्छ ।

## चित्र नं. ४: अन्तिम सार्वजनिक लेखा परीक्षणका चरणहरू: प्रवाह चित्र




### परियोजना सञ्चालन र मर्मत सम्भार

परियोजना सञ्चालन र मर्मत संभार यसको दिगोपनाको लागि धेरै महत्वपूर्ण हुन्छन् । तसर्थ, दिगो रूपमा अधिकतम परिणाम हासिल गर्नका लागि सम्पन्न भइसकेका परियोजना सञ्चालन र मर्मत संभारसम्बन्धी उपभोक्ता समूहलाई जानकारी गराउन निर्माणोत्तर तालिम सञ्चालन गरिन्छ ।

### अन्तरक्रिया र समापन

उपभोक्ताहरूलाई विभिन्न सवालहरूको बारेमा स्पष्ट पार्न प्रश्नोत्तर सत्रको स्वरूपमा अन्तिम अन्तरक्रियाको आयोजना गरिन्छ । उपभोक्ता तथा सम्बन्धित सरोकारवालाहरूबाट परियोजनाको व्यवस्थापन प्रक्रिया, कामको गुणस्तर, उपभोक्ता समिति र आरआरएन/सिएस्पि कार्यदलको भूमिकाको बारेमा समीक्षा जस्ता विषयहरूमा सुझाव र पृष्ठपोषण दिइन्छ । त्यसपश्चात, उपभोक्ता समिति र आरआरएनका कर्मचारीले पृष्ठपोषणलाई सकारात्मक रूपमा लिन्छन् । अन्तमा, परियोजना समापन गरिन्छ र समितिले सम्वन्धित अधिकारीलाई परियोजना सम्पन्न भएको ब्यहोराको पत्र प्रदान गर्दछ

# ४. सार्वजनिक लेखा परीक्षणका सिकाइ उपलब्धी - विस्तार तथा स्तरोन्नति



सार्वजनिक लेखा परीक्षणमा अवलम्वन गरिने प्रक्रिया जटिल छ र यसले स्थानीय तहमा विकास प्रभावकारिता अभिवृद्धि गर्नसक्ने अवसरहरू प्रदान गर्दछ। यस प्रक्रियाले सार्वजनिक खर्चको जवाफदेहीताको सवालमा र विकास कोषको दुरूपयोग हुने सम्भावना न्यून गर्नमा सार्थक योगदान पुऱ्याउंछ। सार्वजनिक लेखा परीक्षणका सिकाइ उपलब्धिहरूलाई समुदायमा विस्तार गर्ने (scaling out) र सेवा प्रदायकहरूका विभिन्न तहहरूमा र सरकारी निकायहरूमा प्रवर्द्धन (scaling up) गर्न सकिन्छ। यसका केही सिकाइ उपलब्धिहरू निम्न छन् :

## ४.१. सार्वजनिक लेखा परीक्षणले विकास कार्यमा पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्दछ

सार्वजनिक लेखा परीक्षण अभ्यासले भ्रष्टाचार र सार्वजनिक स्रोतहरूको दुरूपयोग बिरुद्ध नागरिक मतैक्यता निर्माण गरी पारदर्शिता र अनुपालनको

विकास गरेको छ । रोल्पामा पहिले शान्ति प्रवर्द्धन केन्द्रको रूपमा परिचित श्री राताமाटा नागरिक सचेतना केन्द्रका सदस्यको बिचारमा पहिले आफ्नो गाउंको विकास गतिविधिहरू का लागि गा.वि.स. लाई कति बजेट विनियोजन गरिएको थियो भन्ने उनीहरूलाई कुनै जानकारी थिएन । तथापि, सार्वजनिक लेखा परीक्षणपश्चात उनीहरूले सिएस्पि परियोजनाको अवलम्बन गरे र गा.वि.स.को बजेट लगायत विकास कार्यक्रमहरूबारे जानकारी लिने उत्सुकता देखाए । नागरिक सचेतना केन्द्रका महिला सदस्यहरूले जनाएअनुसार उनीहरूले गा.वि.स.द्वारा महिला र सिमान्तीकृत सामाजिक समूहहरूको सशक्तिकरणको लागि छुट्याइएको बजेटबारे जानकारी दिन गा.वि.स.सचिवलाई आमन्त्रण गरेका थिए । उनीहरूले जानकारी प्राप्त गरिसकेपछि नागरिक सचेतना केन्द्रका सदस्यहरूले महिला सशक्तिकरण तालिम सञ्चालन गर्नको लागि गा.वि.स.संग बजेट माग गर्ने निर्णय गरे । गा.वि.स.ले महिला सदस्यहरूको अनुरोध बमोजिम बजेट उपलब्ध गरायो ।

बाँकेको बैजपुर -५, भवानीपूरका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले सार्वजनिक लेखा परीक्षणको प्रयोगबाट सिकेको प्रकियालाई भविष्यमा अन्य परियोजनाहरूको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धन गर्नका लागि प्रयोग गर्न सक्ने  कुरा दृढ विश्वासका साथ बताए ।

## ४.२. सार्वजनिक लेखा परीक्षणले कामको गुणस्तर सुनिश्चित गर्दछ

नागरिक सचेतना केन्द्र, आरआरएन/सिएस्पि दोस्रो चरणका सहभागीहरूले विगतमा विकास परियोजनाहरूले गुणस्तर कायम नगरेको विषयमा आफनो सरोकार ब्यक्त गरे । जव सार्वजनिक लेखा परीक्षणको अभ्यासलाई अवलम्बन गरियो, त्यसपछि समुदायहरूले आफ्ना गाउँका विकास परियोजनाहरूको अनुगमन गर्ने र गुणस्तर नियन्त्रण गर्ने सीपहरूको विकास गरे । श्री रातामाटा नागरिक सचेतना केन्द्रका महिलाहरूको भनाईअनुसार उनीहरूले सार्वजनिक लेखा परीक्षणको बारेमा जानकारी हासिल गरिसकेपछि गाउँका सम्पूर्ण विकास

**सार्वजनिक लेखा परीक्षणले विकास कार्यमा जनचेतना र पारदर्शिता प्रवर्द्धन गर्दछ**

"आरआरएन/सिएस्पिद्वारा शुरु गरिएको सार्वजनिक लेखा परीक्षणको अभ्यासभन्दा पहिले हामीहरूलाई विकासका लागि रकम प्राप्त गर्ने माध्यम र वितरण प्रणाली, जस्तै, दाताहरू, गाउँका लागि विनियोजित रकम र रकम प्राप्त गर्ने उपयुक्त विधिहरू एवं यस्तो रकम प्रयोग गर्ने उद्देश्यहरूबारे कहिल्यै थाहा थिएन । यी विषयहरू हाम्रा लागि रहस्यमय थिए । तर अहिले सार्वजनिक लेखा परीक्षणको अभ्यास र नागरिक सचेतना केन्द्रका कक्षाहरूद्वारा हामीहरू ती विषयहरूबारे सचेत भएका छौं । फलस्वरूप, कसैले पनि परियोजना रकमलाई आफनो खल्तीमा हाल्ने कुरा सोच्न पनि सक्दैन । अहिले हामीहरू आफ्ना गाउंमा विकास कार्यहरूको पारदर्शिता प्रवर्द्धन गर्ने प्रकियासँग पूर्ण रूपमा सन्तुष्ट छौं ।"

*-चाहना नागरिक सचेतना केन्द्र, घोडागाउँ-६, रोल्पाका सदस्य*

परियोजनाहरूमा तुरुन्तै सार्वजनिक लेखा परीक्षणलाई अवलम्बन गर्न सक्दछन् । नागरिक सचेतना केन्द्रका सदस्यहरूको बिचारमा यस्तो प्रकिया गा.वि.स. तथा जि.वि.स.बाट लागु गरिएका परियोजनाहरूमा पनि प्रभावकारी हुन सक्दछ ।

## ४.३. सार्वजनिक लेखा परीक्षणले विकास परियोजनामा स्थानीय जनताहरूको जिम्मेवारी र स्वामित्व अभिवृद्धि गर्दछ

आरआरएन/सिएस्पि परियोजनाद्वारा पहल गरिएको सार्वजनिक लेखा परीक्षणको अभ्यासले पारदर्शिता र जवाफदेहीतामा मात्र उल्लेख्य रूपमा प्रभाव पार्ने नभएर यसले त परियोजनामा स्थानीय जनताहरूको स्वामित्व र जिम्मेवारी समेत अभिवृद्धि गरेको छ । इलाम जिल्लाको पेल्टिमारी (चुलाचुली गा.वि.स.) सामुदायिक भवनका सदस्यहरू र नागरिक सचेतना केन्द्रका सदस्यहरूले जनाएअनुसार उनीहरूका गाउंमा आरआरएनले विकासका

**सार्वजनिक लेखा परीक्षणले समुदायका सदस्यहरूको बीचमा विश्वास निर्माण गर्दछ**

"सार्वजनिक लेखा परीक्षणको प्रक्रियाले हामीहरूलाई प्रत्येक शिर्षकमा विनियोजन गरिएको रकम र प्रत्येक शीर्षकमा भएको खर्चको बारेमा विस्तृत जानकारी उपलब्ध गराएको छ । यस प्रक्रियाले समग्र वित्तीय क्रियाकलापहरूलाई यति पारदर्शी बनायो कि यसबाट मानिसहरूमा उप( समितिका क्रियाकलापहरूको बारेमा विश्वास बढेको छ। तसर्थ, सार्वजनिक लेखा परीक्षणले पारदर्शिता सुनिश्चित मात्र नगरेर समुदायका प्रत्येक सदस्यहरूबीचको सम्बन्ध र घनिष्ठतालाई अझ प्रगाढ बनाएको छ"

*- बाँके जिल्लाको बैजपुर-२, भवानीपुरका उपभोक्ता समूहका सदस्य ।*

गतिविधिहरूको सहजिकरण गर्न शुरु गरेपश्चात विकासका पहलहरूको थालनी भयो । "हामीहरू वाह्य संस्थाहरूको प्राविधिक सहयोगमा आफ्नै समुदायमा स्रोतहरू उपार्जन गर्न सक्दछौं । आरआरएनले हामीहरूलाई केही सीप, ज्ञान र स्रोतहरू उपलब्ध गराएको छ, जसको हामी स्वामित्व लिएर सहजीकरण प्र्क्रियामा लागु गर्दछौं ।" सयपत्री नागरिक सचेतना केन्द्रकि सीता राईको भनाइमा, 'उनीहरू आफूले गाउँमा लागु गरेका सम्पूर्ण विकास गतिविधिहरूप्रति स्नेहशील छन्; उनीहरू यस्ता कार्यको प्रवर्द्धन आफ्नै पसिनाले गर्न चाहन्छन् र भविष्यमा पेल्टिमारीमा विकासको जिम्मेवारी लिइ त्यसलाई आफैं निरन्तरता दिन चाहन्छन् ।

## ४.४. सार्वजनिक लेखा परीक्षणले आत्मबल अभिवृद्धि गर्दछ

समावेशिताका सिद्धान्तहरू अवलम्बन गरि उप-समितिहरूको गठन गर्दा स्थानीय जनताहरूमा आत्मबल वृद्धि गर्न मद्दत पुगेको छ। उनीहरूमा विकास परियोजनाहरूको स्वामित्व र जिम्मेवारीको मात्रामा वृद्धि भएको छ । यसका अतिरिक्त, विभिन्न विषयहरूमा तालिम हासिल गरेपछि उनीहरू विभिन्न स्तरमा क्रियाकलापहरू सञ्चालन गर्नका लागि ज्ञान र सीपहरूले सुसज्जित भएका छन् ।

गरिब र सिमान्तकृत सामाजिक समूहहरू परियोजना ब्यवस्थापन प्रक्रियाको छलफलहरूमा सहभागी भए र परियोजनाले उनीहरूलाई कसरी फाइदा पुऱ्याउछ भन्ने बारे स्पष्टीकरण सोधे । मोरङ्ग जिल्लाको बुद्धनगर गा.वि.स. की एक मुसर महिला, हजारी देवी ऋषीदेवको भनाइअनुसार पहिलो सार्वजनिक लेखा परीक्षणमा उनीहरूले शान्ति प्रवर्द्धनको लागि प्रस्तावित सामुदायिक भवनले मुसर समुदायलाई कसरी फाइदा पुऱ्याउंदछ भन्नेबारे उपभोक्ता समिति र आरआरएन कर्मचारीबाट जान्न चाहे ।

## ४.५. सार्वजनिक लेखा परीक्षणले सद्भाव तथा सहकार्य प्रवर्द्धन गर्दछ

सार्वजनिक लेखा परीक्षणले समुदाय भित्र सद्भाव प्रवर्द्धन गर्नुका साथै सरोकारवालाहरूबीच सहकार्य अभिवृद्धि गरेको छ । पारदर्शिता र जवाफदेहीताले विकास क्रियाकलापहरू, जनसहभागिता, नगद भुक्तानी, सामग्रीहरूको खपतजस्ता सवालमा जनताहरूमाझको आशंका न्यूनीकरण गरेको छ । जब प्रत्येक सदस्यमा स्वामित्वको मात्रा वृद्धि हुन्छ, तव परियोजना समयावधि भित्र परियोजना यसको आकारमा आउादछ र स्थानीय समुदायका सदस्यहरूको बीचमा सहयोग र सहकार्य प्रवर्द्धन हुन्छ । आरआरएन/सिएस्पिले उपभोक्ताहरूलाई रकम उपलब्ध गराउने मात्र नभएर जनताहरूलाई प्रक्रिया, कोषमा पहुँचको अवसरहरू र सहयोगका स्रोतहरूबारे ज्ञान एवं जानकारी उपलब्ध गराउँदछ । फलस्वरूप, जनताहरूले विभिन्न सरोकारवाला एवं सेवा प्रदायकहरूलाई सोही परियोजना भित्र समावेश गर्ने प्रयास गर्न सक्छन । यसले सेवा प्रदायकहरू र सरोकारवालाहरूको बीचमा सहकार्यको विकास गर्नेछ ।

## ४.६. सार्वजनिक लेखा परीक्षणले आवश्यक सेवाहरूको प्रभावकारी वितरण सुनिश्चित गर्दछ

सार्वजनिक लेखा परीक्षण अभ्यासमा आएपछि समुदायका मानिसहरू सार्वजनिक लेखा परीक्षण सहितका र लेखा परीक्षण रहितका परियोजनाहरू

बीचको फरक छुट्याउन सफल भए । यस उदाहरणले उनीहरूलाई आफ्नो समुदायमा सञ्चालनमा रहेका प्रत्येक क्रियाकलापमा सार्वजनिक लेखा परीक्षणको अवधारणा भित्र्याउन मद्दत गऱ्यो । गा.वि.स.हरूले आफ्नो जिम्मेवारीको रूपमा स्वास्थ, शिक्षा, खानेपानी, सरसफाई, आदि जस्ता अत्यावश्यक सेवाहरू प्रदान गर्ने सवालमा समेत सार्वजनिक लेखा परीक्षणको महत्वलाई महसुस गरेका छन् । तसर्थ, गा.वि.स. स्तरको प्रत्येक क्रियाकलापमा त्यस्तो अभ्यासको कार्यान्वयनले आवश्यक सेवाहरूको प्रभावकारी वितरण सुनिश्चित तथा प्रवर्द्धन गर्न मद्दत पुऱ्याउनेछ ।

## ४.७. सार्वजनिक लेखा परीक्षणले सिमान्तीकृत सामाजिक समूहहरूको सशक्तिकरण गर्दछ

सार्वजनिक लेखा परीक्षणको अभ्यासप्रतिको जनआकर्षणले महिला, गरिब र सिमान्तकृत जनताहरूलाई निर्णय प्रक्रियाको साझा मञ्चमा ल्याउन मद्दत गरेको छ, जसको परिणामस्वरूप उनीहरूको जीवनमा सकारात्मक प्रभाव परेको छ । स्थानीय विकास प्रक्रियामा जनताले सामेल हुने अवसरहरू प्राप्त गर्दा उनीहरूको आत्मसम्मान र प्रतिष्ठामा वृद्धि भएको छ । बुद्धनगर गा.वि.स.को ऋषिदेव (मुशर-तराइ दलित) समुदाय उनीहरूको समुदायमा विद्यालय भवन निर्माणको नेतृत्व गर्ने अवसर प्राप्त गर्न अति नै उत्साही पाइएको थियो ।

# ५. सार्वजनिक लेखा परीक्षणलाई संस्थागत गर्ने अवसरहरू

सार्वजनिक लेखा परीक्षण प्रक्रियाद्वारा पारदर्शिता, जवाफदेहीता र प्रभावकारी सेवा प्रवाहका लागि जनआवाजहरू अझ सशक्त भइरहेका छन् । सार्वजनिक लेखा परीक्षणको अभ्यासबाट हासिल गरेका परिणामहरूले स्थानीय जनतालाई आफ्नो समुदायका सम्पूर्ण विकास परियोजनाहरूमा सिकाइ उपलब्धिहरूको प्रयोग गर्न प्रोत्साहित गरेका छन् ।

आज, सक्रिय नागरिकहरूले समता र विकास, सार्वजनिक छानविनका लागि खुला रहेको बजेट योजना, भ्रष्टाचार नियन्त्रण र स्पष्ट सुधारिएको परिणामको प्रतिपालन गर्ने नीतिहरू निर्माणका लागि उत्तरदायी सरकारको माग गरिरहेका छन् । सार्वजनिक लेखा परीक्षणको अभ्यासले यी सबै विषयहरूलाई विकास परियोजनामा ल्याउने प्रयास गर्दछ जसको परिणामस्वरुप यो विधि नागरिकहरूमाझ प्रभावकारी साधनको रूपमा स्थापित हुनेछ ।

स्थानीय स्तरमा जनताहरू प्रभावकारी सार्वजनिक सेवाबाट बञ्चित भएकाले उनीहरूले नीति निर्माता, सेवा प्रदायक र निजामती कर्मचारीलाई अझ बढी जनवाफदेही र जिम्मेवार हुनको लागि दवाव दिइरहेका छन् । गैर-समावेशी सार्वजनिक नीति, लेखा परीक्षण र सेवा प्रवाहले कडा जन-अस्वीकृति बाहेक अरु केही निम्त्याउँदैन । तसर्थ, सार्वजनिक लेखा परीक्षणको मर्मअनुसारको सामाजिक समावेशी अवधारणहरू सार्वजनिक क्षेत्रका विद्यमान वहसहरूमा ज्यादै सान्दर्भिक हुन्छन् ।

सार्वजनिक सेवा प्रवाहका विद्यमान अभ्यासहरू अपारदर्शी र गैर-परामर्शी भएको हुनाले तिनीहरूको खुल्लमखुल्ला आलोचना गरिएको छ । तसर्थ, सार्वजनिक लेखा परीक्षण सबभन्दा उत्तम वैकल्पिक अभ्यास हुन सक्दछ, जसले विकास प्रक्रियामा सहभागी हुने व्यक्तिहरूका लागि लोकतान्त्रिक स्थान प्रवर्द्धन गर्नुका साथै अख्तियारवाला र सेवा प्रदायकहरूलाई अझ बढी जवाफदेही र पारदर्शी बनाउंदछ ।

जिल्ला विकास समितिका अधिकारीद्वारा सभापतित्व गरिने परियोजना छनौट र अनुगमन समितिको प्रावधान सिएस्पिका सिकाइहरू उपलब्धिहरूलाई संस्थागत गर्नको लागि संभाव्य संयन्त्रको रूपमा देखापर्‍यो । आरआरएन/सिएस्पि दोस्रो चरणद्वारा अवलम्बन गरिएका प्रक्रिया र सिकाइ उपलब्धिहरू स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, जि.वि.स., गा.वि.स. र अन्य विकास निकायहरूजस्ता अन्य निकायहरूमा पनि अवलम्बन गरिएका छन् । तथापि, सिकाइ उपलब्धिहरूको समुदायमा विस्तार (scaling out) गर्ने काम एक सुस्त प्रक्रिया भएकोले यस प्रक्रियालाई उचित रूपमा संस्थागत गर्नको लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, जि.वि.स. र गा.वि.स. संग घनिभूत रूपमा संलग्न हुनु आवश्यक छ ।

जि.वि.स.द्वारा लागु गरिएका आरआरएन/सिएस्पि दोस्रो चरण र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको केन्द्रीय, जि.वि.स. तथा गा.वि.स. तहमा पारस्परिक सम्बन्ध रहेको पाइएको छ, जसले सिएस्पिका सिकाइ उपलब्धिहरूलाई संस्थागत गर्न मद्दत पुऱ्याउने छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले सिएस्पिद्वारा सामुदायिक परिचालनको लागि अवलम्बन गरिएका केही विधिहरूको छनौट गरेको छ । उदाहरणस्वरूप, आरआरएन/सिएस्पिले सामुदायिक सशक्तिकरणकोलागि स्थानीय संस्थाको रूपमा शान्ति प्रवर्द्धन केन्द्रको गठन गरेको छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले पनि सामुदायिक परिचालनको लागि शान्ति प्रवर्द्धन केन्द्रका सिकाइ उपलब्धिहरूलाई मनन गर्दै सामुदायिक संस्थाको रूपमा नागरिक सचेतना केन्द्रमा समान विधि अवलम्बन गरेको छ । सिएस्पि अन्तर्गत गठन गरिएका शान्ति प्रवर्द्धन केन्द्रलाई सामुदायिक संस्थाहरूबीच एकरुपता कायम गर्ने उद्देश्यले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मूलधारमा ल्याउन हाल नागरिक सचेतना केन्द्र भनि पूनः नामाकरण गरिएको छ । शान्ति प्रवर्द्धन केन्द्रको सहजीकरणको लागि प्रयोग भएका शैक्षिक सामग्रीहरू नागरिक सचेतना केन्द्रको सहजिकरणको लागि प्रयोग गरिएका छन् ।

बाँके जिल्लाका स्थानीय विकास अधिकारीले सिएस्पि दोस्रो चरणको परियोजनामा प्रयोग भएको सार्वजनिक लेखा परीक्षण प्रक्रियाको प्रशंसा गरे । उनको भनाइअनुसार यो प्रक्रिया पारस्परिक सिकाइ (सरकार, समुदाय र गै.स.स. बीचमा) को लागि उपयोगी छ र यसले विकासमा उर्जा सिर्जना गर्नुका साथै परियोजनाहरूको पारदर्शिता र दिगोपना प्रवर्द्धन गर्दछ ।